संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/११/२०, बैठक संख्या: २६

## छलफल/निर्णय

१. समितिको आजको बैठकमा फलामे कच्चा पदार्थको रुपमा रहेको स्पञ्ज आइरन र बिलेट्सबीच भन्सार महशुल एवं अन्तःशुल्कका सम्बन्धमा समितिको मिति २०७९।३।६ गतेको निर्णय कार्यान्वयनका सम्बन्धमा स्पञ्ज आइरनसँग सम्बन्धित उद्योगीसँग छलफल गरियो। यसका साथै, समितिको मिति २०७९/३/६ गतेको निर्णय के कति कारणले कार्यान्वयन नभएको हो? सो सम्बन्धमा जवाफका लागि नेपाल सरकार, अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो।

२. बैठकमा यस विषयमा थप छलफल गर्दा, स्पञ्ज आइरन र बिलेट्सबीच भन्सार महशुल एवं अन्तःशुल्कका सम्बन्धमा समितिको अर्को बैठकमा थप अध्ययन गर्न र सम्बन्धित उद्योगहरूको समग्र अवस्थाको अध्ययन, अवलोकन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

३. नेपालका स्टिल उद्योगले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने स्पञ्ज आइरन र बिलेट्सबाट उत्पादन हुने फलामे डण्डीको गुणस्तर निरन्तर रुपमा कायम गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निरन्तर अनुगमनको व्यवस्था मिलाउनका लागि निर्देशन दिने निर्णय गरियो।

४. समितिको अर्को बैठक २०८० फागुन २९ गते ११:३० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो।

................ .....................

(रामकुमार पौडेल) (मा. अब्दुल खांन)

समिति सचिव सभापति